**सभामा पेश भएको मितिः २०८०।०३।०६**

**सभाबाट पारित मितिः २०८०।०३।०९**

सम्पूर्ण सभा सदस्य ज्यूहरु,

मालिका गाँउपालिका, गुल्मीको गाउँसभाको तेह्रौं अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । यस गरिमामय सभा समक्ष मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम सम्बोधन गर्न पाउँदा म गौरवान्वित महशुस गरेको छु । लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा दशवर्षे जनयुद्ध, जनआन्दोलन लगायतका राजनीतिक क्रान्तिको क्रममा आफ्नो अमूल्य जीवनको बलिदान गर्ने ज्ञात-अज्ञात शहिदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा जनताको अभिमत प्राप्त गरी गाउँ सभा सदस्यको रुपमा एक आर्थिक वर्ष विभिन्न जिम्मेवारीमा रही आफ्नो कर्तव्य निर्वहन गरिसकेका छौं । यस अवधिमा जनताको निकटतम रहेको स्थानीय सरकारको रुपमा सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्य गरिरहँदा विभिन्न अवसर तथा चुनौतीहरुको पहिचान गरेका छौं । यस परिवेशमा कोभिड-१९ को कारण अर्थतन्त्र तथा समग्र शासन सञ्चालनमा परेका नकारात्मक असर कम हुँदै गएका छन् तर नँया चुनौतीहरु भने हाम्रो सामु प्रकट भईरहेको अवस्था छ । रुस-युक्रेन युद्ध तथा त्यसको परिणाम स्वरुप वि श्वव्यापी आपूर्ति श्रृंखलामा पर्न गएको प्रभाव तथा अन्य विविध कारणवश सिर्जित विश्वव्यापी आर्थिक मन्दी बाट नेपाल पनि अछुतो रहन सकको छैन, जसको प्रभाव मालिका गाउँपालिकामा पनि परेको छ । यसले गर्दा मालिका गाउँपालिकाका समग्र सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई नकारात्मक प्रभाव पारेको छ । यस्तो अवस्थामा स्थानीय तहको राजस्व अधिकारको पूर्ण उपयोग गरी आन्तरिक राजस्व सक्षमतालाई अभिवृद्धि गर्दै सिमित स्रोत साधनको उच्चतम र न्यायोचित उपयोगमा ध्यान केन्द्रित गर्नुपर्ने देखिएको छ । "मालिका गाउँपालिकाको समृद्धिको आधार; कृषि, पर्यटन, सामाजिक विकास र पूर्वाधार" भन्ने दीर्घकालीन सोंचका साथ विकास कार्यलाई नीति तथा लक्ष्यमा आधारित बनाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले तर्जुमा गरिएको मालिका गाउँपालिकाको प्रथम पञ्चवर्षीय (२०८०।०८१ देखी २०८४।०८५) आवधिक योजनाले दिगो तथा समुचित विकासको लागि मार्गप्रशस्त गरेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक विकास क्षेत्रमा मालिका गाउँपालिकाको उत्साहजनक विकासबाट प्राप्त प्रतिफललाई संस्थागत गरी दिगोपना प्रदान गर्नुपर्ने देखिन्छ । मालिका गाउँपालिकाको समृद्धि र विकासको पथमा सिर्जनशील र सकारात्मक योगदान गर्नुहुने राजनीतिकर्मी, समाजसेवी, बुद्धिजिवी, स्वास्थ्यकर्मी, शिक्षक तथा कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी र सम्पूर्ण मालिकावासी लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्पूर्ण सभा सदस्य ज्यूहरु,

मालिका गाउँपालिकाको विकास र समृद्धिको लक्ष्य प्राप्तिको लागि निरन्तर रुपमा विभिन्न प्रयासहरु भईरहेका छन् । आगामी चार वर्ष भित्र मालिका गाउँपालिकाको प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउनको लागि एक घर-एक धारा खानेपानी आयोजना संघ तथा प्रदेश सरकारको सहकार्य र सरोकारवालाहरुको सहभागितामा सञ्चालन गरिएको छ । गाउँपालिका पहुँच मार्ग लगायत गाउँपालिका भित्रका मुख्य सडकहरुको निर्माण तथा ग्रावेलमा स्तरोन्नति कार्यलाई तिव्रता प्रदान गरिएको छ । आलु, दाँते ओखर प्रवर्द्धन कार्यक्रम लगायतका विभिन्न कार्यक्रम मार्फत्

कृषि क्षेत्रमा व्यावसायीकरण गरिएको छ । रोजगारविहीन विपन्न तर उर्जावान जनशक्तिलाई रोजगार सेवा केन्द्र मार्फत् न्यूनतम रोजगारीको सुनिश्चित गरी सीप विकासको लागि अवसर प्रदान गरि एको छ । गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रत्येक नागरिकलाई प्रत्याभूत गरी जिल्लामै स्वास्थ्य सेवा प्रवाहमा प्रथम हुन सफल भएको छ । गाउँपालिकाको संस्थागत विकास गर्नको लागि संघीय सरकार सँगको साझेदारीमा गाउँपालिका प्रशासकीय भवन निर्माणको कार्य प्रगतिमा रहेको छ भने वडा कार्यालय भवनहरुको निर्माण तथा स्तरोन्नतीको कार्य पनि क्रमागत रुपमा गरिएको छ । आधारभूत शिक्षालाई थप परिष्कृत तथा स्थानीय परिवेश, संस्कृति र पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखी ८ सम्मका सम्पूर्ण विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको छ । उद्यमशीलता प्रवर्द्धन गरी गरिबी निवारण गर्नको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत् उद्यमी सिर्जना गरी प्रविधि हस्तान्तरण समेत गरिएको छ । सार्वजनिक सेवा प्रवाहलाई नविन सूचना प्रविधि सँग जोडी छि टो, छरितो र प्रभावकारी बनाई उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गर्न विभिन्न नविन प्रणालीको उपयोग गरिएको छ ।

सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित प्रयासहरुलाई सार्थक तुल्याउने तथा विकास र समृद्धिको लक्ष्य प्राप्तिको सन्दर्भमा गाउँपालिकाको लागि निम्न अवसरहरु सिर्जना भएका छन् ।

- स्थानीय सरकारहरु संविधानतः स्थापना भई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार किटान भएकोमा सोही आधारमा कानून निर्माण गरी प्रभावकारी शासन सञ्चालनको आधार तयार हुनु ।
- गाउँपालिकाको आ.व. २०८०।०८१ देखी २०८४।०८५ सम्मको लागि तर्जुमा गरिएको प्रथम पञ्चवर्षीय आवधिक योजनाले स्पष्ट लक्ष्य निर्धारण भई विकासको मार्गचित्र तयार हुनु ।
- गाउँपालिका भौगोलिक विविधतामा धनी रहेकोले विभिन्न प्रकारका कृषि।पशु उत्पादनको व्यवसायीकरण, उद्योगको लागि कच्चा पदार्थको उपलब्धता, पर्यटनको प्रबल सम्भावना रहनुले तिव्र आर्थिक विकासको मार्गप्रशस्त हुनु ।
- युवाहरुले देश विदेशमा रोजगारीको क्रममा सिकेका ज्ञान, सीपको प्रयोग गरी व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग र व्यापार व्यवसाय सँग जोडी गाउँपालिकाको विकासलाई तिव्रता प्रदान गर्ने अवसर प्राप्त हुनु ।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालय भवन तथा शाखा कार्यालयहरुको सुदृढीकरण हुँदै गएकोले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र जनमैत्री बनाउने अवसर प्राप्त हुनु ।
- सूचना प्रविधिको तिव्र विकास तथा सञ्जालीकरणले विद्युतीय शासन संस्थागत गर्ने अवसर प्राप्त हुनु ।
- संघ तथा प्रदेश सरकारको सहयोगमा एक घर एक धारा खानेपानी आयोजना मार्फत् अधिकतम जनतालाई स्वच्छ खानेपानीको पहुँचमा ल्याउनु ।
- गाउँपालिकामा सडक सञ्जालको व्यापक विस्तार भए सँगै निर्माण भएका सडकको स्तरोन्नती गरी आवगमन सहज तुल्याउने अवसर प्राप्त हुनु ।

- ८ वटै वडामा स्वास्थ्य चौकी निर्माण भईसकेको, १५ -शैया अस्पताल निर्माणको क्रममा रहेको र सामुदायिक स्वास्थ्य ईकाई भवनहरु स्थापना भई संस्थागत सुधार हुने क्रममा रहेको अवस्थामा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा घर-घरमा उपलब्ध गराउनको लागि पूर्वाधार निर्माण हुनु ।

सभा सदस्य ज्यूहरु,

उल्लिखित अवसरको साथै हाम्रो समक्ष विभिन्न चुनौती समेत रहेका छन्।

- विश्वव्यापी आर्थिक मन्दी तथा राष्ट्रिय आर्थिक संकटको कारण संघ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण रकम कटौती भई प्राप्त भएको, गाउँपालिकाको न्यून आन्तरिक आय र सीमित स्रोत तथा साधनको प्रयोग गरी विकास निर्माणका कार्यलाई मालिका वासीको इच्छा, आकांक्षा अनुरुप सम्पादन गर्नु ।
- मालिकाको विकासको निमित्त संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, नागरिक समाज लगायत सबैको सार्थक सहभागिता जुटाउनु ।
- गाउँपालिकामा पर्याप्त जनशक्तिको अभावको कारण प्रभावकारी सेवा प्रवाहमा कठिनाई आउनु ।
- विकास निर्माणका कार्यको दिगोपना सुनिश्चित गर्नु ।
- कठिन भौगोलिक अवस्थितिको कारण प्रभावकारी विपद व्यवस्थापन गर्नु ।
- पर्याप्त अवसरहरुको कमी र भौगोलिक विकटताको कारण भईरहेको बसाईसराईलाई रोक्नु ।

सभा सदस्य ज्यूहरु,

अब म आ.व. २०८०।०८१ नीति तथा कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्दछु।

नेपालको संविधान, २०७२ को भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, अनुसूची-८ र ९ मा रहेको स्थानीय तहको एकल तथा साझा अधिकार सूची , विद्यमान स्थानीय, प्रदेश सरकार र संघीय सरकारका कानून तथा गाउँपालिकाका प्रतिबद्धता रही मालिका गाउँपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा मालिका गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम गठित विभिन्न समिति (राजस्व परामर्श समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, विधेयक समिति, आर्थिक विकास समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त सिफारिस, प्राथमिकीकरण, पृष्ठपोषण, सुझाव तथा सल्लाह लाई वार्षिक कार्यक्रम तर्जुमाको मुख्य आधारको रुपमा लिईएको छ । विभिन्न सम्बद्ध कानूनको व्यवस्था र संघीय, प्रादेशिक नीति, योजना , राष्ट्रिय लक्ष्य र गाउँपालिकाले तर्जुमा गरेको प्रथम पञ्चवर्षीय आवधिक योजनालाई पनि नीति तथा कार्यक्रम तर्जुमा गर्दा आधारको रुपमा लिईएको छ । यसको साथै मालिका गाउँपालिकाको विकास र समृद्धिको लागि सरोकार राख्ने राजनीतिकर्मी, बुद्धिजिवी, समाजसेवी, विषयगत शाखा, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा सम्पूर्ण मालिका वासी बाट प्राप्त राय, सुझाव तथा सल्लाह समेत वार्षिक कार्यक्रम तर्जुमाका आधार रहेका छन् ।

सभासदस्य ज्यूहरु,

अब म चालु आ.व. २०७९।०८० को हालसम्मका प्रमुख उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

- गाउँपालिकाको हाल सम्म ६१ प्रतिशत पूँजीगत प्रगति भएको छ ।
- आर्थिक वर्ष २०७८/०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन बाट मालिका गाउँपालिका जिल्लामै सबैभन्दा कम बेरुजु भएको स्थानीय तहको रुपमा अगाडि आएको छ ।
- आर्थिक वर्ष २०७८/०७९ मा स्वास्थ्य सूचकहरुको आधारमा गरिएको मूल्याङ्कनमा गाउँपालिका गुल्मी जिल्ला मै प्रथम हुन सफल भएको छ ।
- २८ किमी नयाँ सडक, १० किमि स्ट्रक्चर सहितको ग्रावेल , ३०० मिटर आर.सि.सि. ढलान तथा ६० किमी सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ ।
- मालिका गाउँपालिका प्रशासकीय भवनको ४०% भौतिक प्रगति भएको छ । मालिका गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने वडा नं. १ को वडा कार्यालय भवनको निर्माण कार्य शुरु गरिएको छ । वडा नं. ८ मा आफ्नै वडा कार्यालय भवन बाट सेवा प्रवाह सुचारु भएको छ ।
- गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ५ मा ३३१ क्विन्टल आलुको बिउ वितरण गरी ठूलो परिमाणमा आलु उत्पादन भएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३५४ जना रोजगारविहीन विपन्न नागरिकले रोजगारी प्राप्त गरेका छन् भने ५ जनालाई श्रम स्वीकृति प्रदान गरिएको छ ।
- वडा नं. ४ मा एक घर-एक धारा खानेपानी आयोजना सम्पन्न भएको छ । साथै, एक घर-एक धारा खानेपानी आयोजना अन्तर्गत अन्तर्गत थप ५९९ वटा घरधुरीमा खानेपानी धारा निर्माण कार्य सम्पन्न भएको छ ।
- व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सम्बन्धी कार्य पूर्ण रुपमा अनलाईन प्र णालीमा लगी सामाजिक सुरक्षा भत्ता बैङ्किङ्ग प्रणाली मार्फत् टोल-टोलमा वितरण गरिएको छ ।
- गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत् १०० भन्दा बढी लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गरी आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गरिएको छ।
- बेलायत भ्रमणको क्रममा तँहाका स्थानीय तहहरुको नवीन तथा असल अभ्यासबाट प्राप्त सिकाईलाई गाउँपालिकामा संस्थागत गर्न सकिने अवसर प्राप्त भएको छ ।
- सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतिको लागि गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको छ ।

यी व्यापक उद्देश्यको परिधीभित्र रही यस गाउँपालिकाको आर्थिक वर्ष २० ८०।८१ का नीति तथा कार्यक्रम निम्नानुसार रहेका छनः-

**आर्थिक विकास**

**कृषि/पशु**

१. मालिका गाउँपालिका भित्र रहेका युवा उद्यमी तथा कृषकहरुको उद्यमशिलता प्रवर्द्धन मार्फत् जिविकोपार्जन सुधार गर्न **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास परियोजना** वहुवर्षीय रुपमा सञ्चालन गरिनेछ ।

२. कृषकहरुको अभिलेखीकरण तथा कृषि सम्बन्धी कार्यक्रमको प्रभावकारी व्यवस्थापनको लागि किसान सूचीकरण तथा किसान परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिकाको वडा नं. ६, ७ र ८ मा ५०% अनुदानमा धानको बिउ वितरण कार्यक्रम गरिनेछ ।

४. कृषि क्षेत्रको आधुनिकीकरण तथा समयानुकुल विकासको निमित्त कृषिमा यान्त्रिकीकरण गर्दै हाते ट्याक्टर, कन्सेलर, कोदो चुट्ने मेसिन लगाएतका औजारहरु विशेष अनुदानमा वितरण गरिनेछ ।

५. माटो परीक्षणका लागि मिनी ल्याव प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

६. निर्वाहमूखी कृषि प्रणालीको अन्त्य गरी एक वडा एक उत्पादन मार्फत् कृषिको व्यवसायीकरण तथा विस्तार गरिनेछ ।

७. २०८० लाई **कोदो वर्ष**को रुपमा मनाईनेछ ।

८. वडा नं. ३, ह्वाङ्दीमा रहेको सुपथ मूल्य पसललाई प्रोत्साहन गरिनेछ ।

९. सबै वडामा गहूँ, धान र मकै को बिउ ५०% अनुदानमा वितरण गरिनेछ ।

१०. गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनको उचित व्यवस्थापनको लागि वडाहरुमा रहेका कृषि संकलन केन्द्रलाई प्रयोगमा ल्याइनेछ ।

११. रुपान्तरणकारी योजनाको रुपमा रहेको अम्रिसो रोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । अलैंची र दाँते ओखर रोपण तथा उत्पादन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. व्यावसायिक कृषकहरुलाई डाले घाँस तथा अन्य पोषण युक्त घाँसका विरुवाहरुको वितरणलाई निरन्तरता दिँदै यसको प्रभावकारिताको लागि क्षमता अभिवृद्दि तालिम संचालन गरिनेछ ।

१३. गाउँपालिकाको वडा नं. १, २, ३ र ६ मा सुधारिएको बाख्राको खोर निर्माणको लागि सहयोग गरिनेछ । साथै, भकारो सुधारको लागि आवश्यक सहयोग गरिनेछ ।

१४. गाउँपालिकाको वडा नं. १, २, ३ र ६ मा उन्नत जातका बाख्रा पालनको लागि आवश्यक सहयोग गरिनेछ ।

१५. वडा नं. ४ , ५ , ७ र ८ मा गठित महिला सहकारीको सबलीकरण गर्दै संस्थागत बजारीकरण सम्बन्धी कार्यक्रम गरिनेछ ।

१६. गाउँपालिकाको वडा नं. २, ३, ४ र ५ मा रायो, मूला, रैथाने काउली, सिमी र केराउ को बिउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. वडा नं. ३ मा संघ र प्रदेश सरकार सँगको साझेदारीमा स्मार्ट बाख्रापालन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. किवी, कटुस, ड्रेगनफ्रुट, मेकेडिमिया नट, जुनार, मौसमी, कागती, भुईकटर र एभोकाडो जस्ता फलफुल उत्पादन कार्यक्रम हावापानी अनुकुल हुने गरी विभिन्न वडाहरुमा सञ्चालन गरिनेछ ।

१९. कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. गाउँपालिकामा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै आलु बालीको प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी कार्य संघीय तथा प्रदेश सरकार सँगको साझेदारीमा गरिनेछ ।

२१. कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२. महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२३. गाउँपालिकामा डाले घाँस र फलफूल नर्सरी को साथै बिउ बिजन श्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२४. सम्भाव्य उत्पादनको आधारमा उत्पादकत्व र बजारमा प्रतिस्पर्धा वृद्धि गर्नको लागि कृष क समूह तथा सहकारीमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

२५. वडा स्तरमा रहेका कृषि, पशु प्राविधिक कर्मचारीहरुलाई प्रविधि हस्तान्तरणको लागि कृषकको खेत-बारीसम्म पुग्ने गरी परिचालन गरिनेछ ।

२६. उत्पादनमा आधारित अनुदानले कृषकहरुमा ल्याएको उत्साह , हौसलालाई मध्यनजर गरी यस कार्यक्रमलाई निरन्तरता दिँदै वैज्ञानिक रुपमा सबै वडाहरुमा सहकारी हरुलाई परिचालन गरी थप व्यवस्थित बनाइनेछ ।

२७. कृषकहरुलाई व्यवसायिक तथा सुरक्षित बनाउनको लागि **बाली तथा पशु विमा कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।

२८. गाँउपालिका कृषि सञ्जाल गठन गरिनेछ। साथै सहकारीको संथागत विकास र व्यवस्थापकीय क्षमता विकासको लागि सहकारी शिक्षा, व्यवस्थापकीय तथा नेतृत्व विकास तालिम लगाएतका कार्यक्रम संचालन गरिनेछ ।

२९. सामुदायिक वनहरुसँग समन्वय गरी विभिन्न किसिमका पोषिला घाँसका विरुवा रोप्ने कार्यक्रमलाई अगाडी बढाइनेछ ।

३०. नगदे बालीको रुपमा अकबरे खुर्सानी, टिमुर , बेसार, अदुवा, तोरी, कुरिलो, भटमास खेतीलाई विशेष कार्यक्रमको रुपमा संचालन गरिनेछ ।

३१. प्रदेश सरकार सँगको सहकार्यमा **तोरी खेती तथा मौरी प्रवर्द्धन कार्यक्रम**सञ्चालन गरिनेछ ।

३२. कृषकहरुलाई अर्गानिक रुपमा खेती गर्न प्रोत्साहित गर्नको लागि प्राङ्गारीक मल उत्पादन गर्न तालिम प्रदान गरिनेछ ।

**३३. उत्कृष्ट कृषक सम्मान कार्यक्रम** मार्फत् प्रत्येक वडामा व्यावसायिक कृषि र पशुपालनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

३४. धार्मिक दृष्टिकोणले महत्वपूर्ण र स्वास्थ्यको दृष्टिकोणले उपयुक्त गाई-गोरु पालन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

३५. वन्यजन्तुहरुबाट कृषकहरुलाई पर्न गएको क्षति न्यूनिकरण गर्न संघीय तथा प्रदेश सरकार सँगको समन्वय तथा साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

३६. गाउँपालिकामा उत्पादित कृषि उत्पादनको संकलन तथा बजारीकरणको लागि **खाद्य डिपो** स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३७. वडा नं. ८ को किसानटारीमा प्रदेश सरकार सँगको साझेदारीमा संचालन गरिएको चक्लाबन्दी कार्यक्रमको प्रभावकारीता सुनिश्चित गरी अन्य सम्भावित क्षेत्रमा समेत विस्तार गरिनेछ ।

३८. गाउँपालिकामा दर्ता भएका कृषि तथा पशुपंछी फर्महरुलाई प्रोत्साहन गरिनेछ ।

३९. कृषकहरुको मागलाई मध्यनजर गरी **मागमा आधारित तालिम** प्रदान गरिनेछ ।

४०. मालिका गाउँपालिकाको पञ्चवर्षीय (२०८० /८१-२०८४/०८५) आवधिक योजनाको आधारमा पञ्चवर्षीय कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४१. पशु तथा बाली स्वास्थ्यलाई ध्यानमा राखी सम्पूर्ण वडामा घुम्ती पशु स्वास्थ्य शिविर तथा बाली शिविर सञ्चालन गरिनेछ ।

४२. आधारभूत तथा आकस्मिक पशु औषधी वितरणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४३. गाउँपालिकाको वडा नं. ६ मा उखू खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. गाउँपालिकाका विभिन्न वडामा च्याउ खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

**उद्योग, पर्यटन तथा व्यवसाय**

४६. आ.व. २०७९/०८० मा तयार गरिएको विस्तृत सम्भाव्यता अध्ययनको आधारमा मालिका मन्दिर, योगिकुटी मन्दिर, लेकपोखरा, तिखेचुली, देविस्थान मन्दिर, माइकाथान मन्दिर, देउराली रिसोर्ट, लेकपोखरा देउराली पदमार्ग, अर्खावाङ्ग देखी मालिका मन्दिर पदमार्ग, सानीदह पार्क, मगर मालिका मन्दिर लगायतका पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानको पर्यटकीय पूर्वाधार विकासको लागि आवश्यक पहल गरिनेछ ।

४७. लेखपोखरा-देउराली-मालिका पर्यटन पूर्वाधार विकास कार्यक्रम प्रदेश सरकार सँगको साझेदारीमा सञ्चालन गरिनेछ ।

४८. गाउँपालिकाको वडा नं. ६, अर्जैमा **पर्यटन सूचना केन्द्र** को स्थापना गरिनेछ ।

४९. गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकीय, सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको स्थानीय जनसहभागितामा संवर्द्धन तथा प्रवर्द्धन गरिनेछ ।

५०. मालिका पिस पार्क निर्माणको कार्य सम्पन्न गरी पार्क व्यवस्थापन तथा सुरक्षामा सुधार गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।

५१. अर्यालहरुको उद्गधमस्थलको रुपमा चिनिने मालिका गाउँपालिका वडा नं. ६, अर्जै को ऐतिहासिक महत्वलाई पहिचान गरी सो-को अध्ययन, अनुसन्धान र प्रमाणीकरणको लागि आवश्यक सहयोग तथा पहल गरिनेछ ।

५२. आ.व. २०७७/७८ मा गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिएको प्याराग्लाइडिङ्ग व्यावसायिक उडानलाई निजी क्षेत्रको सहभागितामा नियमित उडानको लागि आवश्यक सहयोग तथा सहकार्य गरिनेछ ।

५३. **"घुमौं मालिका, चिनौं मालिका"** भन्ने नाराका साथ मालिका मन्दिर, सैंरेपोखरा, तिखेचुली, उपल्लो दम्का, गंगरे, लेकपोखरा लगाएतका स्थानहरुमा धार्मिक तथा अन्य महोत्सव आयोजना गरिनेछ ।

५४. पाहुना घर र होम स्टेको विकास गरी ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ । पाहुना घरलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरिनेछ ।

५५. विभिन्न जातजातीहरुको मौलिकता झल्किने वस्तुहरु र ऐतिहासिक सामाग्रीहरु सहितको मालिका सांस्कृतिक संग्रहालय स्थापनाको लागि अध्ययन अनुसन्धान गरिनेछ ।

५६. मालिका ८ सिमलटारीमा रहेको आध्यात्मिक ज्ञान केन्द्रलाई सकरात्मक सोँच विकास गर्ने केन्द्रको रुपमा स्थापित गरिनेछ ।

५७. सहकारीलाई आन्तरिक उत्पादन, संकलन तथा बजारीकरणमा परिचालन गर्नको लागि गठित सहकारीको संस्थागत तथा व्यवस्थापकीय सुधार गर्न सहयोग गरिनेछ ।

५८. सालको पातबाट दुना, टपरी र बाँसबाट सिन्का , डोको, डालो, मान्द्रा उत्पादन गर्ने घरेलु उद्योग तथा साना व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

५९. युवाहरुलाई उद्योग स्थापनाको लागि उत्प्रेरणा कार्यक्रम सञ्चालन गरी उत्कृष्ट उद्योगीलाई सम्मान गरिनेछ ।

६०. सामुदायिक तथा लघु विद्युतलाई नेपाल विद्युत प्राधिकरण सँगको समन्वयमा क्रमशः राष्ट्रिय प्रसारण लाईनमा जोडिनेछ ।

## सूचना प्रविधि

६१. गाउँपालिकाबाट जारी हुने महत्वपूर्ण सूचना सम्पूर्ण मालिका वासीलाई मोबाइल एस.एम.एस. तथा अडियो सर्भिस मार्फत् जानकारी गराइनेछ ।

६२. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालय, संस्था तथा समुदाय स्तरमा क्रमशः शक्तिशाली इन्टरनेट, ब्रोडब्याण्ड नेटवर्क विस्तार गरिनेछ ।

६३. देश विदेशमा रहेका मालिका वासीको राय सुझाव संकलन, गुनासो सुनुवाई तथा जवाफदेहीता प्रवर्द्धनको लागि **मालिका अनलाइन फोरम** चौमासिक रुपमा सञ्चालन गरिनेछ ।

६४. मालिका गाउँपालिकाको वेभसाइटलाई थप प्रयोगकर्तामैत्री बनाउनको लागि समयानुकुल परिमार्जन गर्दै गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवाहरुको लागत, समयावधि, जिम्मेवार पदाधिकारी सहितको अनलाईन नागरिक बडापत्र तयार गरिनेछ ।

६५. करदाताले घरमै बसी कर भुक्तानी गर्न सक्ने विद्युतीय प्रणाली विकास गर्ने नीति लिईनेछ । यसको लागि आवश्यक विद्युतीय पूर्वाधारको क्रमागत रुपमा विकास गरिनेछ ।

६६. गाउँपालिका तथा वडा कार्यालयमा डिजिटल डिस्प्ले बोर्ड तथा डिजिटल नागरिक बडापत्र जडान गरिनेछ ।

६७. गाउँपालिका भित्रका मुख्य तथा संवेदनशील क्षेत्रमा क्रमशः सि.सि.टि.भी. जडान गरिनेछ ।

६८. गुनासो व्यवस्थापन प्रणाली, सेवाग्राही सन्तुष्टि सर्वेक्षण लाई अनलाइन प्रणाली विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६९. गाउँपालिकाको तयार भएको भिलेज प्रोफाइल अन्तर्गत घर -घरमा डिजिटल घर आई.डी. जडान गरिनेछ ।

७०. गाउँपालिकाको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित गर्नको लागि विभिन्न विद्युतीय प्रणाली तयार गरी क्रमागत रुपमा लागू गरिनेछ र सञ्चालनमा रहेका प्रणालीलाई एकीकृत तथा अन्तरआबद्ध गर्ने कार्य गरिनेछ ।

७१. सूचनाको पहुँचलाई विस्तार गर्नको लागि **मालिका सँग मिडिया कार्यक्रम** सञ्चालन गरिनेछ ।

## सामाजिक विकास

### स्वास्थ्य

७२. पाचँ बर्ष भित्र सबै नागरिकको स्वास्थ्य बिमा गर्ने नीति बमोजिम गरिब परिचय पत्रको आधारमा ५०/५० प्रतिशत लागत साझेदारीमा विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम लागू गरिनेछ ।

७३. ज्येष्ठ नागरिकमा देखिने स्वास्थ्य समस्याको समयमै पहिचान गरी थप जटिलता आउन नदिनको लागि घर-घरमा ज्येष्ठ नागरिक सेवा कार्यक्रम संचालन गरिनेछ ।

७४. सामुदायिक स्वास्थ्य ईकाई बाट प्रवाह गरिने स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउनको निम्ति सामुदायिक स्वास्थ्य ईकाई भवनहरु निर्माण गरिनेछ ।

७५. स्वास्थ्य संस्थाहरुको मर्मत सम्भार साथै पुनर्निमाण गरिनेछ ।

७६. विशेषज्ञ स्वास्थ्य सेवा पाउने जनताको अधिकारलाई सुनिश्चित गर्नको निम्ति मेडिकल अधिकृत सहितको स्वास्थ्य सेवा लाई निरन्तरता दिईनेछ ।

७७. बालबालिकामा कुपोषण बाट हुने बिरामीपन दर कम गर्नुको साथै बाल मृत्यु दर लाई शून्यमा राख्नको लागि पूर्ण पोषण मैत्री स्वास्थ्य संस्था, वडा र गाउँपालिका घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. घरमा शून्य प्रसुति कार्यक्रमको दिगोपना सुनिश्चित गरिनेछ ।

७९. कुपोषित बच्चाहरुको पोषण स्थितिको लेखाजोखा गरी बहिरङ्ग उपचार बाट सेवा प्रवाह गरिनेछ ।

८०. मातृ तथा नवशिशु मृत्यू लाई शून्यमा राख्न सुत्केरी ओसार पोसारको निम्ति एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ ।

८१. दिर्घ रोगी तथा जटिल प्रकृतिका रोगहरुको उपचारका लागि प्रदान गर्दै आएको आर्थिक सहायतालाई निरन्तरता दिईनेछ ।

८२. गाउँपालिकामा मुख स्वास्थ्य विषयमा चेकजाँच तथा जनचेतना अभिवृद्धिको लागि दन्त शिविर सञ्चालन गरिनेछ ।

८३. सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदन्ड बमोजिमको मूल्याङ्कन गरी गुणस्तर सुधार गरिनेछ ।

८४. महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको भूमिकाको उच्च मुल्याङ्कन गर्दै गाउँपालिका बाट दिईंदै आएको यातायात खर्च लाई निरन्तरता दिईनेछ ।

८५. विशेषज्ञ स्वास्थ्य सेवा लाई जनताको घर-घरमा पुर्याउनको निम्ति विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

८६. गाउँपालिकामा सञ्चालित नागरिक आरोग्य केन्द्र मार्फत् आयुर्वेद गाउँघर क्लिनिकलाई प्रत्येक वडामा विस्तार गर्ने नीति लिईनेछ ।

८७. विपन्न नागरिकको उपचारमा थप सहुलियतको निम्ति केन्द्रिय र प्रादेशिक अस्पतालहरुको सहकार्यमा उपचारमा थप सहुलियतको लागि कर्यविधि तयार गरी लागू गर्दै लगिनेछ ।

८८. खोप, गाउँघर क्लिनिक, परिवार नियोजन, पोषण, सुरक्षित मातृत्व सेवा, रोग नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८९. स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

९०. कोभिड लगाएतका सरुवा तथा महामारी रोगहरुको नियन्त्रण, उपचार र रोकथाम कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

**शिक्षा**

**९१.** आर्थिक वर्ष २०८०।०८१ लाई **शैक्षिक सुधार वर्ष, २०८०** को रुपमा मनाईनेछ । यसलाई सफल पार्नको लागि विद्यालयसँगको कार्यसम्पादन सम्झौता प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९२. गाउँपालिकामा मेडिकल अधिकृतको अभावमा स्वास्थ्य सेवा प्रवाहमा सिर्जित विभिन्न समस्यालाई मध्यनजर गरी गाँउपालिका भित्र स्थायी बसोवास भएका एक जना गरिब तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लागत साझेदारीमा एम.बि.बि.एस. (MBBS) अध्ययन गराइनेछ । यसरी अध्ययन गरेका विद्यार्थीले अध्ययन समापन पश्चात् कम्तीमा १ वर्ष गाउँपालिकामा निःशुल्क सेवा प्रदान गर्नुपर्ने नीति लिईनेछ ।

९३. शिक्षण पेशालाई मर्यादित र आकर्षक बनाउन विशेष प्याकेजको व्यवस्था गरिनेछ ।

९४. **"हाम्रो स्कुल, बनाऔं राम्रो स्कुल"** अभियान अन्तर्गत सामुदायिक विद्यालयहरुमा गाउँपालिकाबाट विषयगत दक्ष शिक्षकको व्यवस्था मिलाईनेछ । विषय र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरी न्युनतम शिक्षकको व्यवस्था मिलाइनेछ ।

९५. विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहन मूलक कार्यक्रम सहित अभियानका रुपमा सञ्चालन गरिनेछ ।

९६. मालिका गाउँपालिका वडा नं. ८ मा रहेको मालिका माध्यमिक विद्यालयमा **पढ्दै कमाउँदै कार्यक्रम** सञ्चालन गरिनेछ ।

**९७.** **विद्यार्थी सँग अध्यक्ष कार्यक्रम** र **अभिभावक सँग उपाध्यक्ष कार्यक्रम** सञ्चालन गरिनेछ ।

९८. विद्यालयको नतिजामा गुणस्तरीयता ल्याउन गाउँपालिका, विद्यालय र अभिभावकको त्रिपक्षीय साझेदारीमा Semi-Hostel को सुरुवात गरिनेछ । साथै आवश्यकतामा आधारित आवासीय विद्यालयको नीति अवलम्बन गरिनेछ ।

९९. शिक्षालाई समय सापेक्ष र बढ्दो बसाईसराईको कारणले विद्यालयमा विद्यार्थी संख्या कम हुन गएको अवस्थालाई दृष्टिगत गर्दै विद्यालय समायोजनको प्रक्रियालाई निरन्तरता दिईनेछ ।

१००. विद्यालयमा हरेक शुक्रवारीय बसाईलाई झोलाविहीन कक्षाकोठाको अवधारणालाई अंगिकार गरी विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) सँग जोड्दै समग्र व्यक्तित्व विकास तथा जीवनोपयोगी सीप प्रदान गर्नमा जोड दिईनेछ ।

१०१. उत्कृष्ट अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यालयलाई नतिजाका आधारमा सम्मान गर्ने नीति लिई स्वच्छ प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गरिनेछ ।

१०२. गाउँपालिकाले कक्षा १ देखी ८ सम्म लागू गरेको **हाम्रो मालिका** पाठ्यपुस्तक तथा स्थानीय पाठ्यक्रमलाई प्राप्त पृष्ठपोषण र सुझावको आधारमा सुधार, परिमार्जन तथा संशोधन गरिनेछ ।

१०३. आधारभूत र प्राथमिक तहका विद्यालयको लागि क्रमागत रुपमा **एक विद्यालय-एक कम्प्युटर र प्रिन्टर** को व्यवस्था गरिनेछ ।

१०४. गाउँपालिकाको शिक्षा क्षेत्रको विकासको लागि पालिका स्तरीय **शैक्षिक सम्मेलन** आयोजना गरिनेछ ।

१०५. गाउँपालिकाको एक विद्यालयलाई स्मार्ट विद्यालयमा स्तरोन्नति गरी प्रविधिको माध्यमबाट पठनपाठन गराइनेछ ।

१०६. सामुदायिक विद्यालयहरुलाई **शैक्षिक नतिजामा आधारित अनुदान**को व्यवस्था गरिनेछ ।

१०७. अङ्ग्रेजी माध्यमबाट अध्यापन गराउने विद्यालयहरुलाई थप व्यवस्थित र प्रविधिमैत्री बना उन प्राथमिकता दिईनेछ ।

१०८. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा नागरिक आरोग्य केन्द्र मार्फत् योग शिक्षा तथा आयुर्वेद सम्बन्धी जानकारी प्रदान गरिनेछ ।

१०९. एकै स्थानमा पाँच वर्ष काम गरेको शिक्षकलाई अनुकुलताको आधारमा आन्तरिक सरुवा गर्ने नीति लिईनेछ ।

११०. पालिका भित्रका सामुदायिक विद्यालयहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट प्रधानाध्यापक छनौट गरी नियुक्त गरिनेछ । यसरी नियुक्त हुने प्र धानाध्यापकको लागि निश्चित कार्यकालको व्यवस्था गरिनेछ साथै प्रोत्साहन स्वरुप प्रधानाध्यापक भत्ता दोब्बर गरिनेछ ।

१११. हाल प्राथमिक तहसम्म लागू गरिएको शिक्षक बैंकलाई आधारभूत तहसम्म विस्तार गरिनेछ । सुत्केरी विदामा रहेका शिक्षिकाहरुको कक्षा व्यवस्थापन शिक्षक बैंक मार्फत् गरिनेछ ।

११२. सार्वजनिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

११३. विद्यालय तथा शिक्षक सँगको लागत साझेदारीमा शिक्षक तथा सरोकारवालाहरुलाई अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ ।

११४. गाउँ शिक्षा रणनीतिक योजनाको तर्जुमा गरिनेछ ।

११५. बालविकास केन्द्रहरुमा आन्तरिक शैक्षिक सिकाई सामाग्रीको प्रयोगलाई प्राथमिकता दिईनेछ ।

११६. शिक्षक अवकास प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. शिक्षकहरुको लागि विषयगत तालिम, कार्यशाला, गोष्ठी तथा क्षमता विकास कार्यक्रमको व्यवस्था गरिनेछ ।

११८. विद्यालय क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा स्थापित गर्दै पठनपाठनलाई खलल पुर्याउने कुनै पनि प्रकारका गतिविधिहरुलाई पूर्ण रुपमा निरुत्साहित गर्दै विद्यालयमा सुशासन कायम गर्ने नीति लिईनेछ ।

११९. विद्यालयहरुको बाह्य वातावरण सुधार को लागि पहल गर्दै विद्यालयको भवन, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता पूर्वाधारमा लगानी बढाउने नीति लिईनेछ ।

१२०. विशेष आवश्यकता तथा फरक क्षमता भएका बालबालिकाहरुको शिक्षालाई मध्यनजर गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

१२१. शिक्षा क्षेत्र सँग सम्बन्धित विभिन्न संघ संस्थाहरु; जस्तै ब्रिटिश काउन्सिल, युनाइटेड वर्ल्ड स्कुल्स, नेपाल, रातो बङ्गला, कारखाना समूह आदि सँग सहकार्य गरी शिक्षा का नवीनतम अभ्यासको आदान-प्रदान गर्दै शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड तथा गुणस्तर बमोजिम बनाउन पहल गरिनेछ ।

१२२. राष्ट्रिय रुपमा ख्याति प्राप्त सामुदायिक विद्यालयहरुसँग सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. गाउँपालिकाको शिक्षा ऐन, नियमावली तथा कार्यविधिमा समय सापेक्ष संशोधन तथा परिमार्जन गरिनेछ ।

१२४. हरेक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, ईन्टरनेट जडान, WASH सहितको शौचालय निर्माणका कार्यलाई क्रमशः पूरा गरिनेछ ।

१२५. संस्कृत भाषा, मगर भाषा तथा अन्य स्थानीय भाषा र नेपाली-पनको संरक्षणको लागि योग शिक्षा साथै नित्य कर्म तथा साधारण पूजा पाठको काम गर्न सिक्न इच्छुकको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१२६. गाउँपालिका स्तरीय मालिका रनिङ्ग शिल्ड तथा राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. गाउँपालिका भित्र प्रत्येक वडामा **युवा क्लब गठन तथा नमूना संसद अभ्यास कार्यक्रम** सञ्चालन गरिनेछ । यसरी दर्ता नभई सञ्चालनमा रहेका युवा क्लबहरुको अभिलेखीकरणमा जोड दिई सक्रिय रुपमा परिचालन गरिनेछ ।

**१२८. युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम**सञ्चालन गरिनेछ ।

**१२९.** दुर्व्यवसनमा परेका युवालाई मनोसामाजिक परामर्श तालिम सञ्चालन गरिनेछ ।

१३०. गाँउपालिकामा रहेका प्रतिभाको जागरण तथा प्रोत्साहन को लागि **मालिका तारा कार्यक्रम** संचालन गरिनेछ ।

१३१. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा क्रमशः खेल शिक्षकको व्यवस्था गरिनेछ ।

**खानेपानी**

१३२. एक घर-एक धारा खानेपानी आयोजना मार्फत् गाउँपालिकाका सबै वडामा क्रमागत रुपमा खानेपानी पहुँच घर-घर सम्म पुर्याईनेछ ।

१३३. आयोजना मर्मत सुधारको लागि टोल विकास संस्था मार्फत् मर्मत सम्भार कार्यकर्ता (VMW) तालिम को व्यवस्था गरिनेछ ।

१३४. गाउँपालिका भित्र सबै नागरिकलाई पिउन योग्य स्वच्छ पानीमा पहुँच पुर्याउन संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका समेतको सहभागीतामा निम्न आयोजनाहरु सञ्चालन गरी आ.व. २०८०/०८ १ मा एक घर-एक धारा खापा क्रमशः कार्यान्वयन गरिनेछ ।

क) एकीकृत मालिका एक घर एक धारा खानेपानी योजना

ख) विचारे खा.पा.आ., दर्लिङ्ग गुल्मी

ग) गराखोला तिखेचुली लिफ्ट खा.पा.आ., मालिका-१, गुल्मी

घ) छापहिले खा.पा.आ., मालिका-५ गुल्मी

ङ) दर्लिङ्ग खा.पा.आ., मालिका-२, गुल्मी

च) निस्ती जुकेना महभिर खानेपानी आयोजना, मालिका-३ गुल्मी

छ) मालिका खानेपानी आयोजना

१३५. खानेपानी मिटर रिडरको व्यवस्था गरी खानेपानी आयोजनाहरुको मर्मत संभारको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ । यस्ता आयोजनाहरुको मर्मत संभारको कार्य खानेपानी उपभोक्ता समिति मार्फत् गरिनेछ ।

१३६. सञ्चालनमा नरहेका पुराना खानेपानी आयोजनाहरु को पुनर्निर्माण तथा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याईनेछ ।

१३७. गाउँपालिका भित्र रहेका मुहानहरुको संरक्षण गरी दर्ता गरिनेछ । खानेपानी उपभोक्ता समितिहरु मार्फत् खानेपानी मुहानको संरक्षण तथा आयोजनाहरुको मर्मत सम्भार गरिनेछ।

**सामाजिक समावेशीकरण**

१३८. सामाजिक विभेद न्यूनीकरणको नीति लिईनेछ । यस नीतिको कार्यान्वयनको लागि विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३९. लैङ्गिक समानता कायम गर्न तथा महिलाहरुको मूलप्रवाहीकरणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यसको प्रभावकारीता परीक्षणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, GESI Audit कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१४०. गाउँपालिकाका नीति, बजेट तथा कार्यक्रम र कानून तर्जुमा गर्दा लैङ्गिक समावेशी हुने गरी गरिनेछ । बजेट निर्माण गर्दा लैङ्गिक उत्तरदायी बजेट , Gender Responsive Budget (GRB) को अवधारणालाई ध्यानमा राखी निर्माण गरिनेछ र त्यसको लागि आवश्यक तालिम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४१. लैङ्गिक समानता तथा महिला सशक्तिकरणको क्षेत्रमा पहिचान गरिएका विद्यमान १२ वटा जल्दाबल्दा समस्याहरु सम्बन्धी बेइजिङ्ग घोषणापत्र, १९९५ सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४२. संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षा सम्बन्धी निर्णय नं. १३२५ र सशस्त्र द्वन्दको समयमा युद्ध कार्यनीतिको रुपमा हुने यौनहिंसा सम्बन्धी निर्णय नं. १८२० सम्बन्धी अभिमूखीकरण कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।

१४३. महिला अधिकार र कानूनी साक्षरता तालिमको साथै महिलाको लागि नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।

१४४. हिंसा तथा अन्यायमा परेका महिलाहरुको संरक्षणको लागि प्रत्येक वडामा **महिला सेल (Women Cell)** स्थापना गरिनेछ । साथै पालिका स्तरमा महिला सञ्जाल गठन गरिनेछ ।

१४५. उपभोक्ता समिति गठन गर्दा आम भेलामा महिलाको सहभागिता वृद्धि गरिनेछ । उपभोक्ता समितिको कार्यसमितिमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिईनेछ । यसरी विकास निर्माणका कार्यमा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने नीति लिईनेछ ।

१४६. विपन्न दलित लक्षित कार्यक्रमहरु (आरन सुधार, सिलाई पेशा संरक्षण, पन्चेबाजा संरक्षण, कटुवाल संरक्षण) सञ्चालन गरिनेछ ।

१४७. दलित तथा जनजाति लक्षित कार्यक्रम अन्तर्गत छोरीलाई स्नातक तह सम्म पढाउने आमा बुवालाई सम्मान गरिनेछ ।

१४८. जनजातिहरुको परम्परागत संस्कृति (सोरोठी नाच, खञ्जना ख्याली नाँच, पोषाक, भेषभूषा), परम्परा र संपदाको संरक्षण, प्रवर्द्धन र विकास गर्न मागमा आधारित कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

१४९. अपाङ्ग परिचय पत्र वितरण तथा नविकरणको कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

१५०. अनाथ, असहाय, अपाङ्गता भएका, टुहुरा, अशक्त तथा आफ्नो जीवनयापन आफै धान्न नसक्ने वर्गलाई गाउँपालिकाको समन्वयमा विभिन्न गैर सरकारी संस्था सँग सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५१. ज्येष्ठ नागरिकमा रहेको अनुभव, ज्ञान र सीपलाई आगामी पुस्तामा हस्तान्तरणको लागि आवश्यक कार्यक्रम ल्याईनेछ । ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकको सामाजिक अनुकुलन सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।

१५२. सरकारी कार्यालय, विद्यालय तथा सार्वजनिक स्थलहरुमा स्तनपान कक्ष निर्माण गर्नको लागि आवश्यक कार्य गरिनेछ ।

१५३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्यता पुगेका तर प्रणालीमा छुट भएका लाभग्राहीहरुलाई सूचीकृत गरिनेछ । सामाजिक सुरक्षा भत्ता टोल टोलमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५४. गाउँपालिकामा गठन भएको समाज कल्याण परिषद्लाई सक्रिय बनाई परिषद्बाेट हुने कार्यलाई थप प्रभावकारीता प्रदान गर्नको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

**१५५.** खरको छानामुनि रहेका करिब ३० घर परिवारको सुरक्षित आवास निर्माण गरिनेछ ।

**१५६.** पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाको नीति लिईनेछ ।

**१५७.** पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गरिनेछ ।

**१५८.** बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात् गरी आगामी ५ वर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गर्ने गरी कार्य गरिनेछ ।

**१५९.** समुदाय तथा विद्यालय तहमा रहेका बाल क्लबको सशक्तिकरण गरी स्थानीय बाल सञ्जाल गठन गरिनेछ ।

**१६०.** अपाङ्गता भएका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गरी जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान वा सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाइनेछ ।

**१६१.** जातीय हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, बालबालिका विरुद्धको हिंसा तथा बालविवाह लगायत सबै प्रकारका विभेद विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

**रोजगार सेवा केन्द्र**

१६२. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरि न्युनतम रोजगारीको प्रत्याभुती गराइनेछ ।

१६३. आ.व. २०८०/०८१ देखी गाउँपालिका तथा वडा तहमा दक्ष कामदारको ज्याला तथा निर्माण सामाग्री गाउँपालिकाबाट लागत साझेदारी हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा आयोजनाहरु कार्यान्वयन गरिनेछ ।

१६४. २०८० बैशाख १ देखी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्य गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत् प्रारम्भ गरिएकोमा यसलाई थप प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

१६५. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगार सूची अद्यावधिक गरिनेछ ।

१६६. युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजना अन्तर्गत श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप तथा रोजगार संवाद मञ्चको सञ्चालन गरिनेछ ।

१६७. मालिका गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६८. प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध श्रमिकको लागि आवश्यक पर्ने निर्माण सामाग्री तथा सुरक्षा उपकरणको व्यवस्थापन गरिनेछ ।

१६९. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१७०. कुनै पनि काम ठूलो वा सानो हुदैन भन्ने भावना जागृत गराई कामको सम्मान गर्ने परिपाटीको विकास गर्दै स्वरोजगार उन्मुख जीवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन मालिका गाउँपालिकाको नीति हुनेछ ।

१७१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सिप र क्षमताको स्थानीय स्तरमा प्रयोग गर्न आवश्यक नीति तर्जुमा गरिनेछ ।

१७२. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ ।

१७३. युवा सँग पालिका कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१७४. रोजगार सेवा केन्द्रलाई श्रम बैंकको रुपमा स्थापना गरी गाउँपालिका भित्र अदक्ष, अर्ध दक्ष तथा दक्ष कामदारलाई सूचीकृत गरी गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुमा त्यस्ता व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

१७५. प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी समय-समयमा अनुगमन, निर्देशन तथा अभिमुखिकरण कार्यक्रम गरिनेछ ।

१७६. **गाँउफर्क प्यारा कार्यक्रम** मार्फत् विदेश तथा स्वदेशमा रहेका युवाले सिकेको व्यावसायिक ज्ञान सीपलाई प्रयोग गरी व्यावसायिक कृषि, उद्योग, व्यापार र व्यवसाय सञ्चालनमा सहयोग गरी आन्तरिक उत्पादन सँग जोड्दै सम्मानमूलक जीवनयापनको वातावरण सिर्जना गरिनेछ ।

### उद्यम विकास

१७७. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

१७८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुको स्तरोन्नतीको लागि आवश्यकताका आधारमा पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१७९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लघु उद्यम विकास मोडेलमा नँया लघु उद्यमी सिर्जना गर्नको लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**१८०. आरन सुधार कार्यक्रम** मार्फत् परम्परागत आरनहरुलाई प्रतिस्थापन गरी आधुनिक प्रविधियुक्त आरनको व्यवस्थापन गरिनेछ ।

**१८१. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास परियोजना** मार्फत् क्रमागत रुपमा २०० जना युवा उद्यमी सिर्जना गर्नको लागि **युवा लक्षित कार्यक्रम** सञ्चालन गरिनेछ ।

**१८२.** विद्युत जडान तथा मर्मत संभार सम्बन्धी कार्य गर्न CTEVT सँगको साझेदारीमा तालिम सञ्चालन गरी **एक वडा-एक ईलेक्ट्रिसियन** को व्यवस्था गरिनेछ ।

१८३. युवा युवतीको पलायन रोक्नको लागि ईलेक्ट्रिसियन, हेयर कटिङ्ग, ड्राइभिङ्ग, प्लम्बिङ्ग, कुकिङ्ग, सिलाई-कटाई, बुटिक, सेनेटरी, पेन्टिङ्ग जस्ता सीपमूलक तालिमको संचालन गरिनेछ ।

## पूर्वाधार विकास

१८४. गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुरुप सडकको Right of Way कायम गरी नक्सा पास गर्ने कार्य शुरुवात गरिनेछ ।

१८५. राष्ट्रिय भवन संहिताको आधारमा स्थानीय भवन मापदण्ड संहिता तर्जुमा गरी गाँउपालिका भित्र नँया घरहरु निर्माण गर्दा नक्सा पास गर्ने र निर्माण भैसकेका घरहरुको घर प्रमाणित गर्ने नीति लिइनेछ ।

१८६. प्रदेश सरकारबाट निर्माणाधीन गाउँपालिका पहुँच मार्गको कार्यप्रगति न्यून रहेको व्यहोरा प्रति गाउँपालिकाको ध्यानाकर्षण भएकोले त्यसको लागि गाउँपालिकाको तर्फबाट आवश्यक सहजीकरण, समन्वय, अनुगमन तथा पृष्ठपोषण गरिनेछ ।

१८७. **"सडक पूर्वाधारको विकास, मालिकाको समृद्धिको आधार"** भन्ने नाराका साथ सडक पूर्वाधारहरुको स्तरोन्नतीमा विशेष जोड दिने नीति लिईनेछ ।

१८८. नँया सडक निर्माण गर्दा तथा पुराना सडकको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्ने नीति लिईनेछ । साथै, Bio-Engineering कार्यक्रम मार्फत् सडकको दाँया बाँया विभिन्न प्रकारका भुक्षय नियन्त्रण गर्ने विरुवाहरु लगाइनेछ ।

१८९. आगामी पाँच वर्षको लागि निर्माण गरिने आयोजनाहरुको हकमा परियोजना बैंक बाट आयोजना छनौट गर्ने नीति लिईनेछ ।

१९०. संघीय सरकार सँगको साझेदारीमा निम्नानुसारका आयोजनाहरु कार्यान्वयन गरिनेछः

   क) रातडाँडा मुसिकोट पउदीअमराई नेटा दर्लिङ्ग ह्वाङ्गदी सडक, नेटा दर्लिङ्ग ह्वाङ्गदी खण्ड को क्रमागत रुपमा स्ट्रक्चर निर्माण गरी ग्रावेलमा स्तरोन्नती गरिनेछ ।

   ख) फूलबारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडकलाई ग्रावेलमा स्तरोन्नती गरिनेछ ।

१९१. एक घर एक धारा खानेपानी आयोजना वडा नं. ४ मा सम्पन्न भएकोमा बाँकी वडामा सँघ तथा प्रदेश सरकार सँगको सहकार्यमा एक घर एक धारा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

१९२. संघीय सरकार विशेष अनुदान अन्तर्गत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रम मार्फत् सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण र स्वास्थ्य संस्थाहरुको संस्थागत सुधार गरिनेछ ।

१९३. प्रदेश सरकार सँगको साझेदारीमा निम्मानुसारका आयोजनाहरु सञ्चालन गरिनेछ :

   क) नेटा दर्लिङ्ग ह्वाङ्दी गंगरे मोटर बाटो वडा नं. १, २ र ३ को सडक स्तरोन्नति गरी ग्रावेल गर्ने कार्य गरिनेछ ।

   ख) फूलबारी चोरकाटे अर्जै बोम दर्लिङ्ग भिमगिठे सडक स्तरोन्नती गरी ग्रावेल गरिनेछ ।

   ग) लेखपोखरा-देउराली-मालिका पर्यटन पूर्वाधार निर्माण अन्तर्गत पर्यटन पूर्वाधार निर्माण गरिनेछ ।

   घ) सिमलटारी मर्भुङ्ग मैदान अर्खावाङ्ग मो.बा. स्तरोन्नती गरी ढलान तथा ग्रावेल गरिनेछ ।

१९४. मालिका नमूना विद्यालयको भवन तथा अन्य पूर्वाधार निर्माण कार्य क्रमागत रुपमा सञ्चालन गरिनेछ ।

१९५. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित नागरिक आवास कार्यलाई निरन्तरता दिई गाउँपालिकालाई खरेघर मुक्त बनाउने नीति लिईनेछ ।

१९६. देउराली लिलिङ सडक, अर्जै हिले गापा कार्यालय सडक, सिमलटारी हुल अर्खावाङ मोटरबाटो, सिम्ले सल्लाखर्क कल्लेरी भिमगिठे मोटरबाटो स्तरोन्नतीको कार्य गरिनेछ ।

१९७. वडा नं. १ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

१९८. गाउँपालिकाको वडा नं. ४ मा अतिथि गृह निर्माणको कार्यलाई सम्पन्न गरिनेछ ।

१९९. गाउँपालिका भित्र विभिन्न झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्य क्रमागत रुपमा सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मीको प्राविधिक सहायतामा गरिनेछ । मालिका गाउँपालिकाको वडा नं. ३ र ४ लाई जोड्ने आकाशे पुलको विस्तृत अध्ययन गरी सुरुवात गरिनेछ । मालिका गाउँपालिका वडा नं. २ र ५ लाई जोड्ने आकाशे पुलको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२००. विपी स्मृति भवन निर्माण र विनोद स्मृति भवन निर्माण कार्यलाई निरन्तरता दिई सम्पन्न गरिनेछ ।

२०१. निर्माण भएका सडक तथा भौतिक संरचनाहरुको मर्मत सम्भार को लागि मर्मत संभार कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ । सडकहरुको मर्मत संभार गर्दा स्थानीय श्रमको उपयोग गर्नको लागि सम्भव भए सम्म लेन्थ वर्कर मार्फत् गराइनेछ ।

२०२. ठुला आयोजनाहरु संघ, प्रदेश सरकार र विज्ञ समूहको सहकार्य, समन्वय र साझेदारीमा संचालन गरिनेछ ।

२०३. बस्ती विकासको लागि सडक स्तरोन्नती कार्यक्रम अन्तर्गत मुख्य बस्तीलाई जोड्ने सडकको स्तरोन्नती गरिनेछ ।

२०४. गाँउपालिका भित्र निम्न सिंचाइ आयोजनाहरु संघ , प्रदेश र स्थानीय सरकारको सहभागीतामा संचालन गरिनेछ ।

- किसानको कुलो सिँचाई आयोजना, मालिका ८
- अल्छ्याङ्ग तल्लो लम्दार सिँचाई आयोजना, मालिका ८
- माग्दी खोला डिही मजुवा सिँचाई आयोजना, मालिका गा.पा. वडा नं. ६ र ७

२०५. गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।

२०६. १५ शैया अस्पताल निर्माणको कार्यमा देखिएका समस्याको समाधान गरी अस्पताल निर्माण कार्यलाई प्रारम्भ गरिनेछ।

२०७. विकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयन तथा गुणस्तर सुधारको लागि जनप्रतिनिधि तथा कर्मचारीको अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यजिम्मेवारी तोकिनेछ ।

२०८. उपभोक्ता समितिबाट जटिल प्रकृतिका आयोजनाहरु तथा ठुला आयोजनाहरुको कार्यान्वयन गर्दा उत्पन्न हुने समस्यालाई मध्यनजर गरी त्यस्ता आयोजनाहरुलाई ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

२०९. आ.व. २०७९/०८० मा गठन भएका टोल विकास संस्थाहरुलाई परिचालन गरी विकास निर्माणका कार्यहरुलाई प्रभावकारीता प्रदान गरिनेछ ।

२१०. गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व व्यवस्था गरिनेछ ।

२११. गाउँपालिकामा सुविधासम्पन्न कभर्ड हल निर्माण गर्नको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२१२. गाउँपालिकाको पूँजीगत बजेटको न्यूनतम १% रकम अनुसन्धान, नवप्रवर्तन र आविस्कारमा खर्च गर्ने नीति लिईनेछ ।

**वन, वातावरण तथा विपद व्यस्थापन**

२१३. स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन तर्जुमा गरी सोही अनुरुप वातावरण संरक्षण सम्बन्धी प्रयासलाई एकीकृत तथा व्यवस्थित गरिनेछ ।

२१४. विपद व्यवस्थापन सम्बन्धी वित्तीय व्यवस्थापन गर्नको लागि विपद व्यवस्थापन कोषको स्थापना गरी कार्यविधि अनुसार परिचालन गरिनेछ ।

२१५. वडा स्तरीय विपद व्यवस्थापन समितिको अगुवाईमा वडा स्तरीय विपद व्यवस्थापन कार्यसञ्चालन केन्द्र गठन गरिनेछ ।

२१६. टोल विकास संस्थाहरुलाई परिचालन गरी विपद प्रतिकार्य तथा विपद सूचना प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाईनेछ । टोल विकास संस्था मार्फत् विपद व्यवस्थापन कार्यमा स्थानीय युवा स्वयंसेवकहरुलाई प्रशिक्षण र परिचालन गर्ने संयन्त्र र संजालको विकास गरिनेछ ।

२१७. प्रत्येक वर्ष मनसुनी वर्षा सुरु हुनु अगावै सबै वडा तथा विद्यालयहरुमा विपद व्यवस्थापन दिवस मनाउने र बाढी पहिरो जस्ता विपदहरुको न्युनीकरण बारे जनचेतना अभिवृद्धि गरिनेछ । विपद व्यवस्थापन सामाग्री को व्यवस्थापनको लागि सँघ तथा प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

२१८. जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न हरियाली प्रवर्द्धन सहित जैविक विविधताको संरक्षणबाट अनुकुलनमा टेवा पुर्याििइनेछ ।

२१९. सामुदायिक वन व्यवस्थापन समितिलाई क्रियाशिल बनाई वन, वातावरण संरक्षणमा परिचालन गरिनेछ ।

२२०. महत्वपूर्ण जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखीकरणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२२१. वनलाई आर्थिक क्षेत्रसंग जोड्ने गरी वन उपभोक्ता समितिको सहभागितामा दाँते ओखर खेती, टिमुर खेती, अलैंची खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

२२२. गाउँपालिकाको विपद प्रतिकार्य योजना बनाई लागू गरिनेछ ।

२२३. डढेलो नियन्त्रण गरी वन संरक्षण गर्न अग्नि रेखा निर्माण सम्बन्धी कार्यक्रम ल्याईनेछ । यसको प्रभावकारिताको लागि सामुदायिक वन उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

२२४. वन फडानी, चोरी निकासी तथा अवैद्य सिकार रोक्न वल हेरालुको व्यवस्था गरिनेछ ।

२२५. वातावरण संरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि गैसस तथा निजी क्षेत्र समेतलाई सहभागी तथा साझेदार बनाई त्यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । साथै वातावरण मैत्री दिगो पूर्वाधारको निर्माण गरी वातावरण मैत्री स्थानीय तह घोषणाको लागि आवश्यक कार्य गरिनेछ ।

२२६. स्वच्छ वातावरण र हरियाली प्रवर्द्धन गर्नको लागि **एक घर-पाँच फलफूल विरुवा कार्यक्रम** सञ्चालन गरिनेछ ।

२२७. मालिका गाउँपालिकालाई पूर्ण सरसफाई उन्मूख गाउँपालिका घोषणा गर्नको लागि आवश्यक पहल तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२२८. विपदको समयमा पिडित पक्षको लागि गास, बास र कपासको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

२२९. मनसुनजन्य विपदबाट जोखिममा रहेका नागरिकहरुको लागि उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक कार्य गरिनेछ ।

२३०. बाढी, पहिरो तथा भुक्षयबाट हुने जोखिमलाई न्यूनिकरण गर्न तटबन्ध तथा घेरावारका कार्यक्रम सञ्चालन गरिनेछ ।

२३१. गाउँपालिकामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरी वातावरणीय प्रदुषण न्युनीकरण तथा फोहोरमैला व्यवस्थापनको कार्य गरिनेछ ।

२३२. सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्नको लागि पोखरीहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन**

२३३. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्बन गरी जनउत्तरदायी सरकारको प्रत्याभूति गरिनेछ ।

२३४. बदलिँदो परिवेश अनुसार कर्मचारी संरचनामा समयानुकुल परिमार्जन गर्नुपर्ने भएकोले गाउँपालिकाको दरबन्दी पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरिनेछ ।

२३५. **कर्मचारी कल्याण कोष**को स्थापना गरिनेछ ।

२३६. आगामी आ.व. को बजेट कार्यान्वयन वार्षिक कार्ययोजना श्रावण तेस्रो साता भित्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कार्ययोजना कार्यान्वयनको अवस्थाको विषयमा गाउँपालिका स्तरीय अनुगमन समिति, पूर्वाधार विकास समिति र सुशासन समितिद्वारा नियमित अनुगमन गरिनेछ ।

२३७. कर्मचारीको जिम्मेवारी कायम गरी जवाफदेहीता प्रवर्द्धन गर्न कार्यसम्पादन सूचकको विकास गरी कार्यसम्पादन सम्झौता गरिनेछ । सो आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

२३८. चौमासिक रुपमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी कम्तिमा ३ वा सो भन्दा बढी सेवाहरु एकै साथ प्रदान गरिनेछ ।

२३९. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । बेरुजु फछ्र्यौटलाई अभियानको रुपमा अगाडि बढाई **शून्य बेरुजु गाउँपालिका**को नीति लिईनेछ ।

२४०. वडा कार्यालयहरुलाई सेवा प्रवाहको सशक्त प्रवेश विन्दुको रुपमा विकास गरिनेछ ।

२४१. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सुशासन कायम गर्न क्षमता विकास योजना तर्जुमा गरिनेछ ।

२४२. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता तयार गरी व्यावसायिकता प्रवर्द्धन गर्दै अनुशासन कायम गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई प्रतिबद्ध गराईनेछ ।

२४३. स्थानीय शासन सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ठ स्थानीय तह सँग सिकाई आदान प्रदान गर्नको लागि भगिनी सम्बन्ध कायम गरिनेछ ।

२४४. संघ तथा प्रदेश सरकार सँग समन्वय गर्नको लागि **अन्तर सरकार समन्वय मञ्च** र अन्य स्थानीय तहहरुसँग समन्वय गर्नको लागि **अन्तर पालिका संवाद मञ्च** को स्थापना गरिनेछ ।

२४५. गाउँपालिकाको समग्र विकासका लागि सरकारी, निजी क्षेत्र, सहकारी, शिक्षा क्षेत्र, नागरिक समाज तथा गै.स.स. लगायतका विकास साझेदार सँग समन्वय र सहकार्यको नीति लिई कानूनी प्रबन्ध गरिनेछ ।

२४६. गाउँपालिकाको वडा नं. २ को च्यानडाँडामा वडाको शाखा कार्यालय स्थापना गरिनेछ ।

२४७. वडा नं. ६ को फूलबारीमा **नगर प्रहरी विट** स्थापना गरिनेछ ।

२४८. गाउँपालिकाबाट हाल सम्म निर्माण भएका कानूनको समिक्षा गरी समयानुकुल परिमार्जन गर्न विज्ञ समूह गठन गरिनेछ ।

२४९. सबै वडा कार्यालयमा सि.सि.टि.भी. जडान गरी कार्यालयको सुरक्षाको प्रबन्ध मिलाईनेछ ।

२५०. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक परिवेश झल्किने गरी वृत्तचित्र तयार गरिनेछ ।

२५१. गाउँपालिकाको आय व्ययलाई बुलेटिनको माध्यमबाट मासिक रुपमा सार्वजनिक गरिनेछ । साथै गाउँपालिकाबाट चौमासिक रुपमा र हरेक वडाबाट वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ । गाउँपालिकाको चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा नियमित रुपमा गरिनेछ ।

२५२. सरकारी सेवा प्रवेशका लागि मुख्यतः लोक सेवा तथा शिक्षक सेवाका कक्षा सञ्चालन को लागि प्रबन्ध गरिनेछ ।

२५३. गाउँपालिकाको आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गरि नेछ । साथै, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी दिगो विकास लक्ष्य अंकित बजेट तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिईनेछ ।

२५४. आन्तरिक राजस्व सक्षमता अभिवृद्धि गर्नको लागि राजस्व परामर्श समितिलाई जिम्मेवार गराई स्थानीय तहको राजस्व अधिकार अन्तर्गत गाउँपालिकामा सम्भावना क्षेत्रलाई पहिचान गरी करको दायरामा ल्याईनेछ ।

२५५. गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि प्रदान गरि ने सेवामा प्रक्रियागत सरलीकरण गर्ने, प्रविधिको प्रयोग गर्ने, सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२५६. घटना घटेको ३५ दिन भित्र घटना दर्ता गराउन प्रोत्साहन गरिनेछ । यसको लागि सबै समुदाय तथा सार्वजनिक स्थानमा सूचना प्रवाह गरिनेछ।

२५७. भुमिहीन दलित र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यलाई अन्तिम रुप दिई निस्सा वितरण गर्ने कार्य सम्पन्न गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सुकुम्बासीहरुको वैज्ञानिक व्यवस्थापन गर्नको लागि सँघ तथा प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

२५८. न्यायिक कार्यसम्पादनलाई प्रभावकारी बनाउनको लागि न्यायिक ईजलास कक्षको स्थापना गर्ने, वडा तहमा गठन भएका मेलमिलाप केन्द्रको संस्थागत क्षमता विकास र मेलमिलापकर्ताहरुको पुनर्ताजगी तालिम सञ्चालन गर्ने, न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासको लागि जिल्ला अदालत सँगको समन्वयमा आवश्यक कार्य गर्ने नीति लिईनेछ ।

२५९. निर्णय प्रक्रियालाई वस्तुनिष्ठ र वैज्ञानिक बनाउनको लागि विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी बनाईनेछ ।

२६०. बजार अनुगमनलाई थप प्रभावकारी र नियमित बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरिनेछ ।

२६१. प्रदेश सरकार सँगको समन्वयमा घरेलु मदिरालाई व्यवस्थित गरी रोजगारी सँग आबद्ध गरिनेछ ।

२६२. गाउँपालिका भित्र कालोबजारी, गैरकानूनी व्यापार, चोरी निकासी जस्ता विकृतिलाई निरुत्साहित गर्दै सुशासन प्रवर्द्धनको लागि नेपाल प्रहरी , नगर प्रहरी तथा अन्य सम्बन्धित निकाय सँगको सहकार्यमा अनुगमन तथा गस्तीका गतिविधिहरु बढाईनेछ।

२६३. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय, प्रतिक्षालय, धारा लगायतका संरचनाहरु निर्माण गरिनेछ।

२६४. स्थानीय तह संस्थागत स्वमूल्याङ्कनबाट प्राप्त सिकाई तथा उपलब्धिलाई संस्थागत गर्दै आ.व. २०८०/०८१ मा आवश्यक सुधार गरी थप उपलब्धि हासिल गर्ने आधार तयार गरिनेछ ।

२६५. अतिक्रमण भएका सार्वजनिक सम्पत्तिको संघीय तथा प्रदेश सरकार सँगको सहकार्यमा संरक्षण गर्ने नीति लिईनेछ ।

## धन्यवाद।